समाचार
नागरिक मंगलबार १६ फागुन २०७९

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## कृषि विकास निर्देशनालय

हेटौंडा, मकवानपुर

# बाझो जमिनमा करार खेती कार्यक्रममा सूचिकृत भई सहभागी हुन आवेदन आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/११/१६

कृषि विकास निर्देशनालय, हेटौंडाको आ. व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने "बाझो जमिनमा करार खेती कार्यक्रम" मा सूचीकृत भई सहभागी हुन ईच्छुक आवेदकले "बाँझो जमिनमा करार खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" अनुसार करारमा जमिन उपलब्ध गराउन ईच्छुकले तपसिलको "क" र करारमा खेती गर्न ईच्छुकले तपसिलको "ख" बमोजिमको कागजात सहित सूचना प्रकाशनको मितिले ३० दिन (२०७९/१२/१५ गते) भित्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्यबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

तपसिलः

| | |
|---|---|
| १. बाझो जमिनमा खेतीका लागि करारमा जमिन उपलब्ध गराउन ईच्छुक व्यक्तीहरुका लागि आवश्यक कागजातहरु | २. बाझो जमिनमा खेती गर्न ईच्छुक कृषक/निजी कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुका लागि आवश्यक कागजातहरु |
| १. रु. १० को हुलाक टिकट टाँस गरेको अनसूची-३ अनुसारको आवेदन,<br>२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी,<br>३. करारमा प्रदान गर्ने लालपुर्जाको साथमा सम्झौता अवधिभर जग्गा रोक्का राख्ने प्रतिवद्धता। | १. रु. १० को हुलाक टिकट टाँस गरेको अनसूची-४ अनुसारको आवेदन,<br>२. संस्था दर्ता, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,<br>३. अनुसुची ५ अनुसारको प्रतिवद्धता,<br>४. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी,<br>५. सम्बन्धित स्थानिय तहको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयूक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र,<br>६. समूह वा सहकारीको कार्य समितिको बैठकले बाँझो जमिनमा करार खेती कार्यक्रम माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि। |

नोटः थप जानकारीको लागि यस निर्देशनालयको फोन नं. ०५७-५९०५८८ मा सम्पर्क राख्नु हुन वा वेबसाइट doad.p3.gov.np साथै कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट molmac.p3.gov.np बाट तोकिएको कार्यविधि डाउनलोड गरी बिस्तृत जानकारी लिन सक्नुहुनेछ। उल्लेखित कार्यविधिहरुमा स्पष्ट नखुलेका विषयहरु प्रचलित कानून अनुसार हुनेछ।